# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी एशियाली विकास बैङ्कसंग सम्झौता गर्ने काममा फिलिपिन्सतर्फ जानुभएको र विशेष अधिकृत श्री लोकबहादुर श्रेष्ठ पनि सरकारी काममा पेरिस जानुभएकोले उहाँहरू फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४१।११।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना १

श्री ५ को सरकारले मिति २०४१।१०।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ।

| क.सं. | नाम र थर | साविक पद र कार्यालय | हाल पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री मोहनदेव पन्त | उपसचिव, अर्थ मन्त्रालय। | सह-सचिव, अर्थ मन्त्रालय। |
| २. | श्री शम्भुशरणप्रसाद कायस्थ | राजपत्राङ्कित द्वितीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह। | तालीम प्रमुख, राजस्व प्रशासन तालीम केन्द्र। |
| ३. | श्री विश्वराज रेग्मी | रजिष्ट्रार, पंजिकाधिकारीको कार्यालय। | महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग। |
| ४. | श्री हरिहर शर्मा वाग्ले | उपनिर्देशक, मालपोत विभाग। | राजपत्राङ्कित प्रथम श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह। |



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।